आज मिति २०८० साल असार ०९ गते शनिबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७९/८० को दोस्रो कार्यपालिकाको चौधौं बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

उपस्थितीः

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षत |
|---|---|---|---|---|
| १. | श्री राजेन्द्र बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८४८६४९०२३ | |
| २. | श्री शिव बहादुर कुँवर | सदस्य एवं नगर उप-प्रमुख | ९८५११५२८३९ | |
| ३. | श्री नन्द बहादुर ठकुल्ला | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६५७६९२२४ | |
| ४. | श्री सेत बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८४९७८७४३९ | |
| ५. | श्री कुल बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६४८१७४८५ | |
| ६. | श्री नवराज बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८५५२३१८ | |
| ७. | श्री मक्कर बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८४८६०४९७२ | |
| ८. | श्री मिन बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६५३३८२ | |
| ९. | श्री हिक्मत कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८६८४३६७५९ | |
| १०. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८४४६७९८७८ | |
| ११. | श्री दिपक कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८६४९२२० | |
| १२. | श्री ललित बोगटी | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८५५६००९ | |
| १३. | श्री राम बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८५१२४६२११ | |
| १४. | श्री जनक बहादुर कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८६८४४९३१७ | |
| १५. | श्री रुप बहादुर कुँवर । | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८६५८७९१५८ | |
| १६. | श्री सन्जु थापा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१४ | ९८४८४१०३४५ | |
| १७. | श्री उमा उपाध्याय | सदस्य वडा नं.-२ | ९८४०२९५९२१ | |
| १८. | श्री बिनोद बहादुर भुल | सदस्य वडा नं.-४ | ९८६९९१६९६२ | |
| १९. | श्री मुकेश मिजार | सदस्य वडा नं.-४ | ९८४८५७८३१२ | |
| २०. | श्री मिना के.सी. | सदस्य वडा नं.-७ | ९८४८५९९१५८ | |
| २१. | श्रीमती बिष्णा कुँवर | सदस्य वडा नं.-८ | ९८६५५७९०४३ | |
| २२. | श्री राधा देवी साउँद | सदस्य वडा नं.-९ | ९७४४२८६११३ | |
| २३. | श्री अनिल परियार | सदस्य वडा नं.-१० | ९८६५८४२४८९ | |
| २४. | श्री देवसरा साउद (थापा) | सदस्य वडा नं.-१४ | ९८६४४८६११७ | |
| २५. | श्री डुबिन्द्र प्रसाद बराल | सचिव प्र.प्र.अ. | ९८५८४८४३०१ | |

आमन्त्रितः

| | | | | |
|---|---|---|---|---|
| १. | श्री नृप विश्वकर्मा | ना.प्र. कानुन शाखा | ९८४८८६०४१२० | |
| २. | | | | |

प्रस्तावहरुः

१। राजस्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा।
२। स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय अनुमोदन सम्बन्धमा।
३। बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
४. आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम सम्बन्धमा।
५. आर्थिक ऐन २०८० सम्बन्धमा।
६. विनियोजन ऐन २०८० सम्बन्धमा।
७. नगरसभाको कार्यसूची सम्बन्धमा।
८. नयाँ शहर आयोजना कार्यालयको आ.व. २०८०/०८१ को बजेट कार्यान्वयन सहजीकरण सम्बन्धमा।
९. उच्च पहाडी हिमाली समृद्धि कार्यक्रम आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा।
१०.शिक्षा क्षेत्र सशर्त अन्तर्गत राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा।
११. पाठ्यपुस्तकको रकम निकाशा सम्बन्धमा।
१२ विविध

निर्णयहरुः

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको राजस्व परामर्श समितिबाट आ.व. २०८०/०८१ को लागि प्रक्षेपण भई आएको राजस्वको अनुमान सम्बन्धीको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आ.व. २०८०/०८१ को लागि नगरपालिकालाई प्राप्त हुने स्रोत तथा बजेटको प्रस्तावित अनुमान सम्बन्धीको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आ.व. २०८०/०८१ को लागि नगरपालिकाले विनियोजन गर्ने बजेट तथा कार्यक्रमको प्रस्तावित तर्जुमा सम्बन्धीको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आ.व.२०८०/०८१ को लागि विनियोजन भइ आएको बजेट तथा तर्जुमा भएको प्रस्तावित कार्यक्रममा आधारित भई मिति २०८०/०३/१० गते सञ्चालन हुने साँफेबगर नगरपालिका नगरसभाको एघारौं अधिवेसनको दोस्रो बैठकमा आ.व.२०८०/०८१ को बजेट तथा कार्यक्रम नगर उप-प्रमुख श्री शिव बहादुर कुँवरज्यूबाट प्रस्तुत गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आर्थिक ऐन २०८०, मिति २०८०/०३/१० गते सञ्चालन हुने साँफेबगर नगरपालिका नगरसभाको एघारौं अधिवेसनको दोस्रो बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको विनियोजन ऐन २०८०, मिति २०८०/०३/१० गते सञ्चालन हुने साँफेबगर नगरपालिका नगरसभाको एघारौं अधिवेसनको दोस्रो बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको मिति २०८०/०३/१० गते सञ्चालन हुने नगरसभाको एघारौं अधिवेसनको दोस्रो बैठकको कार्यसूची तपसिल बमोजिम तय गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

१. राष्ट्रिय धुनसँगै सभाध्यक्षज्यूको प्रवेश ।

२. सभाध्यक्षज्यूबाट बैठक प्रारम्भ भएको जानकारी ।

३. सभाध्यक्षज्यूबाट आ.व. २०८०/०८१ को बजेट प्रस्तुत गर्न नगर उपप्रमुख एवं नगरसभा सदस्य श्री शिव बहादुर कुँवरज्यूलाई अनुमति प्रदान ।

४. दोस्रो बैठकको समापन ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नयाँ शहर आयोजना कार्यालयको आ.व. २०८०/०८१ को लागि प्राप्त बजेट कार्यान्वयन गर्न उक्त आयोजना कार्यालयको प.सं. २०७९/८० च. नं. १६१ मिति २०८०/०३/ ०८ गतेको पत्रबाट सहजीकरणको लागि अनुरोध भए अनुसार तपसिल् बमोजिम योजना कार्यान्वयन गर्न नयाँ शहर आयोजना कार्यालयय साँफेबगर अछाममा सहजीकरणको लागि लेखी पठाउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| क्र.सं. | साविक कार्यक्रमको नाम | प्राप्त बजेट | कायम गर्नुपर्ने कार्यक्रमको नाम र बजेट रकम | कायम गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| १. | नयाँ शहर आयोजना कार्यालयको भवन निर्माण/मर्मत कार्य (पहिलो र दोस्रो चरण समेत) | ३,००,००,०००/- | साँफेबगर बजारमा बसपार्क निर्माण कार्य सा.न.पा. ०३ (दोस्रो चरण) ५,००,००,०००/- | नयाँ शहर आयोजना कार्यालयको हालको जनशक्तिको लागि मौजुदा कार्यालय भवन नै पर्याप्त भएको र साँफेबगर बजारमा बसपार्क निर्माण कार्य अति आवश्यक भएको र सो कार्यमा बजेट अपुग हुने अवस्था देखिएकोले । |

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा उच्च पहाडी हिमाली क्षेत्र समृद्धि कार्यक्रमको आ.व. २०८०/०८१ को लागि आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धीको मिति २०८०/०३/०७ गतेको प्रकाशित सूचनानुसार यस साँफेबगर नगरपालिकाको आवश्यकता तथा औचित्यताको आधारमा तपसिल बमोजिमका आयोजनाहरु छनौट तथा प्राथमिकीकरण पठाउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

१. सिमलसेरा सिंचाई कुलो निर्माण साँफेबगर न.पा. ७

२. पचारी सिंचाई कुलो निर्माण साँफेबगर न.पा. ३

३. रातो बागर तटबन्धन निर्माण साँफेबगर न.पा. ७

४. रौनका पिपलदेखि गढी मन्दिर धार्मिक सडक साँफेबगर न.पा. ७

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा शिक्षा क्षेत्र सशर्त अन्तर्गत राष्ट्रपती शैक्षिक सुधार कार्यक्रमको आ.व. २०७९/८० को लागि विभिन्न विद्यालयहरुको भवन निर्माण कार्य सुचारु भइरहेको र निर्माण कार्य आ.व. २०७९/८० मा सम्पन्न हुन नसक्ने अवस्था रहेकोले हाललाई उक्त कार्यक्रम छनौटमा परेका विद्यालयहरुको बैंक खातामा निर्माण कार्यको सम्पूर्ण रकम निकासा गरी ती विद्यालयहरुको बैंक खाता रोक्का राख्ने र निर्माण कार्य सम्पन्नताको आधारमा बैंक खाता फुकुवा गर्दै जाने व्यवस्थाको लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा अन्तर्गत विद्यालय शिक्षा क्षेत्र योजना (ब.उ.शी.न. ३५००१८०१) क्रियाकलाप न. २.४.६.१. सार्वजनिक विद्यालयका विद्यार्थीका लागी निशुल्क पाठ्यपुस्तक अनुदानमा विद्यालय शिक्षा क्षेत्र कार्यक्रमका लागि स्वीकृत क्रियाकलाप तथा सो अन्तर्गतका उपक्रियाकलापका लागि तोकिएको भौतिक तथा वित्तीय लक्ष्य पूरा भई रकम बचत हुने र सोही बजेट उपशीर्षक अन्तरगत निःशुल्क पाठ्यपुस्तक, छात्राका लागि सेनिटरी प्याड, दिवाखाजा कार्यक्रमका लागि स्वीकृत रकम अपुग हुने भएमा अद्यावधिक/प्रमाणित शैक्षिक तथ्याङ्कका आधारमा स्थानीय तहको निर्णय अनुसार आन्तरिक बजेट हिसाव मिलान गर्न सकिनेछ, भन्ने कार्यक्रम कार्यान्वयन पुस्तीका २०७९/८० को खण्ड क कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन को बुँदा न. ६ का आधारमा यस नगरपालिकाले तयार पारेको स्थानीय पाठ्यक्रममा आधारीत पाठ्यपुस्तक कक्षा ३ देखी कक्षा ८ सम्म अध्ययनरत विद्यार्थीहरुका लागी निःशुल्क पाठ्यपुस्तक वितरण शीर्षकबाट विद्यालयको खातामा रकम निकाशा गर्न शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।